FN 30

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका

## DHARAN SUB-METROPOLITAN CITY

## नगर कार्यपालिकाको कार्यालय

## OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा

पत्र संख्या :-

चलानी नं. :-

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल

Dharan, Sunsari, Province No. 1, Nepal

मिति २०७८।०५।२५

### विषय : विज्ञप्ती सम्बन्धमा ।

चालु शैक्षिक सत्र २०७८ असार १ गतेदेखि सुरु भएको व्यहोरा अवगत नै छ ।नयाँ भेरियन्ट सहितको कोभिड - १९ को दोस्रो लहर देखा परेसँगै विद्यालयहरुमा भौतिक उपस्थितिमा पठनपाठन लगायतका शैक्षिक कार्यक्रमहरु सञ्चालन हुन नसकी वैकल्पिक माध्यबाट मात्र शिक्षण सिकाइका क्रियाकलापहरु सञ्चालन भइरहेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवमा समेत वैकल्पिक माध्यमबाट पठनपाठन सञ्चालन गर्दा सबै विद्यार्थीहरुलाई समेट्न नसकिने साथै अपेक्षित शैक्षिक गुणस्तर समेत हाँसिल गर्न नसकिने देखिएको छ । यसरी कोभिड - १९ का कारण विगत लामो समयदेखिको शैक्षिक क्षतीलाई न्यूनीकरण गर्न विश्व स्वास्थ्य संगठन र नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड परिपालना गरी विद्यार्थीहरुको भौतिक उपस्थितिमा पठनपाठन सञ्चालन गर्न संस्थागत विद्यालयका संघसंस्था, सामुदायिक विद्यालयका प्र.अ, विद्यार्थीहरुका संघ संगठन लगायतका सरोकारवालाहरुबाट माग भएको साथै विद्यार्थीहरुको भौतिक उपस्थितिमा विद्यालयमा पठनपाठन लगायतका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न धरान उपमहानगरपालिकाको कार्यालय समेत सकारात्मक भएको हुँदा सो सम्बन्धमा कुनै सल्लाह, सुझाव, गुनासा वा प्रतिक्रियाहरु भए धरान उपमहानगरपालिका शिक्षा, युवा तथा खेलकुद महाशाखा वा नगरप्रमुखज्यूको नीजि सचिवालयमा लिखित रुपमा पेस गर्नुहुन यो विज्ञप्ती प्रकाशित गरिएको छ ।

रत्नबहादुर कटुवाल

रत्नबहादुर कटुवाल

उपसचिव (प्रा)

**बोधार्थ :**

श्रीमान् नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिकाको कार्यालय : जानकारीका लागि ।

श्रीमान् नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिकाको कार्यालय : जानकारीका लागि ।

श्री सूचना शाखा, धरान उमनपा : विज्ञप्ती website मा राखिदिनु हुन ।

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२१९९१ वरुणयन्त्र: १०१, ५२०११९